संख्या

# प्राविधिक कर्मचारी फिल्ड सुविधा कार्यविधि, २०७७

(कार्यपालिकाबाट स्वीकृत मितिः २०७५/०९/२०)

नवदुर्गा गाउँपालिका,डडेल्धुरा

सुदूरपश्चिम प्रदेश

नेपाल

# प्राविधिक कर्मचारीहरुको फिल्ड सुविधा सम्बन्धीकार्यलाई व्यवस्थित गर्न बनेको विधेयक,२०७७

कार्यपालिकाबाट स्वीकृत मितिः २०७७/०९/२०

**प्रस्तावनाः**

यस गाउँपालिका क्षेत्र भित्र कार्यान्वयन हुने योजनाहरुका लागि प्राविधिक कर्मचारीहरु योजनास्थलमै जानुपर्ने अवस्था भएकोले निजहरुलाई उक्त कार्यकाबैज्ञानिक एवं व्यवस्थित तरिकाले सुविधा प्रदान गर्न वाञ्छनीय भएकोलेनवदुर्गा गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ।

**परिच्छेद –१**

**१.संक्षिप्तनाम र प्रारम्भः**(१) यस कार्यविधिको नाम“प्राविधिक कर्मचारी फिल्ड सुविधा सम्बन्धी कार्यविधि, २०७७” रहेको छ ।

(२)यो कार्यविधिनवदुर्गागाउँकार्यपालिकाबाटस्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

**२.परिभाषाः**विषयवा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “अनुगमन टोली”भन्नाले कार्यालयले गठन गरेको अनुगमन टोलीसम्झनु पर्दछ ।

(ख)“कार्यालय”भन्नालेनवदुर्गा गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(ग) “प्राविधिक कर्मचारी” भन्नाले यस गाउँपालिका वा अन्तर्गत कार्यरतनेपाल इन्जिनियरिङ सेवाका प्राविधिक कर्मचारीहरुलाई सम्झनुपर्दछ।

(घ)“योजना”भन्नाले गाउँपालिकाभित्र सञ्चालित निर्माण सम्बन्धी योजनाहरु बुझ्नुपर्नेछ ।

## परिच्छेद–२

**३. फिल्ड सुविधा :** **(**१)यस कार्यालय वा अन्तर्गत कार्यरत नेपाल इन्जिनियरिङ सेवाका कर्मचारीहरुलाईकार्यालयले यस कार्यविधि बमोजिम फिल्ड सुविधा प्रदान गरिनेछ । यस आर्थिक वर्ष भन्दा अगावै नियुक्त भई कार्यरत प्राविधिक कर्मचारीहरुलाई २०७७ श्रावण १ गते देखि र तत्पश्चात नियुक्त हुने कर्मचारीहरुलाई निज नियुक्त भई हाजिर भएको मिति देखि फिल्ड सुविधा प्रदान गरिनेछ ।

**४. मासिक फिल्ड भ्रमण फाँटवारी पेश गर्नुपर्ने: (**१)यस कार्यविधि बमोजिम योजनाको लगत ईस्टिमेट तयार गर्ने, रनिङबिल तयार गर्ने, अनुगमन गर्ने, कार्यसम्पादन स्तर जाँच गर्ने या कार्यसम्पन्नप्रतिवेदन तयार गर्ने वा योजना सम्पन्न भैसकेपश्चात जुनसुकै अवस्थामा प्राविधिक कर्मचारी फिल्डमा गई हेरेके भएमा सो को अनुसूची१ बमोजिम मासिक फिल्ड भ्रमण फाँटवारी पेश गर्नु पर्नेछ ।

**(**२)अनुसुची १ बमोजिमको मासिक फिल्ड भ्रमण फाँटवारी तयार भइसकेपछि भौतिक पूर्वाधार शाखा प्रमुखबाट अनुमोदन गराउनु पर्नेछ ।

**(**३) उपदफा **(**२) मा जुनसुकै कुरा लेखिएको भएता पनि भौतिक पूर्वाधार शाखा प्रमुखको हकमा मासिक फिल्ड भ्रमण फाँटवारी प्रमुख प्रशासकीय अधिकृतले अनुमोदन गर्नेछ ।

**(**४) उपदफा १ बमोजिम फाटवारी पेश नगर्ने कर्मचारीले फिल्ड सुविधा दाबी गर्नुहुँदैन।

**५.प्राथमिकीकरण गर्नुपर्ने : (**१)यस कार्यविधि बमोजिम फिल्डमा खटिदा भौगोलिक रुपमा टाढा रहेका योजनाहरुलाई प्राथमिकीकरण गर्ने पर्नेछ।

**(**२) उपदफा १ बमोजिम फिल्डमा खटिँदा प्राविधिक कर्मचारीहरुले कार्यविभाजन समेत गर्नु पर्नेछ ।

**६. असुलउपर गरिने :** यस कार्यविधी विपरीत बढी फील्ड सुविधा उपभोग गरेको वा दफा ५(१) बमोजिमको समयमा प्रतिवेदन पेश नगरेकोवा यस कार्यविधी बमोजिमको प्रक्रिया पुरा नगरेको ठहरेमा त्यस्तो भुक्तानी लिने कर्मचारीबाट बढी ठहर भएबराबरको रकम सरकारी बाँकी सरह असुलउपर गरिनेछ।

**७.फिल्ड सुविधा :** (१)दफा ४ बमोजिमको मासिक फिल्ड भ्रमण फाँटवारी पेश भई सकेपश्चात गाउँ कार्यपालिकामा कार्यरत इन्जिनियर(अधिकृत छैठौ)को हकमा प्रति महिना रु १४,०००।००, सब इन्जिनियर (सहायक पाँचौ)को हकमा प्रति महिना रु १२,०००।०० र असिष्टेण्ट सब इन्जिनियर (सहायक चौथो)को हकमा प्रति महिना रु १०,०००।०० फिल्ड भत्ता उपलब्ध गराइनेछ । जसमा नियमानुसार कर कट्टि गरिनेछ ।

(२) वडा कार्यालयमा कार्यरत प्राविधिक कर्मचारीहरुलाई मासिक रु ५,०००।०० फिल्ड भत्ता उपलब्ध गराईने छ । जसमा नियमानुसार कर कट्टि गरिनेछ । तर वडा सचिवको पद रिक्त भई निजलाई उक्त जिम्मेवारी दिइएमा मासिक रु ३००० थप प्रोत्साहान भत्ता उपलब्ध गराईने छ ।

(३) वडा कार्यालयमा कार्यरत प्राविधिक कर्मचारीलाई गाउँ कार्यपालिकामा खटाईएमा उपदफा १ बमोजिमको सुविधा प्रदान गर्न वाधा पर्ने छैन ।

**८. खर्चको श्रोत:** गाउँसभाबाट विनियोजन हुने फिल्ड भत्ता शीर्षकबाट यस कार्यविधि बमोजिम फिल्ड सुविधा प्रदान गरिनेछ ।

**९. सुविधा कम हुने गरी निर्णय गर्न सक्ने:** (१) यस कार्यविधिले प्राविधिक कर्मचारीहरुका लागि निर्धारण गरेको सुविधामा कर्मचारीको कार्यसम्पादन अनुसार कम गर्न बाधा पर्ने छैन ।

**(**२) गाउँपालिका क्षेत्र बाहेकका अन्य स्थानमा प्राविधिक कर्मचारीलाई भ्रमण आदेश दिई खटाउँदा प्रचलित नियमानुसार भ्रमण खर्च प्रदान गर्न बाधा पर्ने छैन ।

## परिच्छेद–३

**१०. असलनियतले गरेका कामकोबचाऊ :(**१) यस कार्यविधी बमोजिमयोजना सम्पन्नगर्दा असलनियतले गरेकाकामको सम्बन्धमागाउँपालिकाकाकर्मचारी**,**प्राविधिक कर्मचारी**,** जनप्रतिनिधी वा अनुगमनटोलीका संयोजकतथा सदस्यहरूउपर कुनै कारवाहीहुने छैन ।

**(**२) प्राविधिक कर्मचारीहरुले आंशिक रुपमा कार्यालयमा गरेका काम कारवाहीहरुलाई पनि मासिक फिल्ड भ्रमण फाँटवारीमा समावेश गर्न बाधा पर्ने छैन ।

**११.प्रचलितकानुनबमोजिमहुने** : यस कार्यविधिमाभएको व्यवस्थाले प्रचलितकानुनबमोजिमहुने अन्यअनुगमनकार्यलाई बाधापुर्याएको मानिने छैन ।

**१२.बाधा अड्काउफुकाउने अधिकार** : **(**१) यस कार्यविधिको कार्यान्वयनमाकुनै बाधा अड्काउ परेमाअनुगमन टोलीको वैठकबाट निर्णयकालागिबाधा अड्काउफुकाउगर्न गाउँकार्यपालिकामा पठाईने छ ।

**(**२) यस कार्यविधि प्रतिकूल हुने गरी कार्यपालिकाले गरेका निर्णयहरु यो कार्यविधि लागु भएपछि खारेज भएको मानिनेछ ।

**१३.संशोधन** : यस कार्यविधिमा थपघटगर्ने अधिकार प्रचलितकानुनको अधिनमा रहीगाउँकार्यपालिकाको हुनेछ ।

**१४.अधिकार प्रत्यायोजन** : गाउँकार्यपालिकाले यस कार्यविधीको सम्पूर्ण दफा वा कुनै निश्चित दफाको कार्यान्वयनको अधिकार राजपत्राङ्कित तृतीय श्रेणीको अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

अनुसुची १

दफा ३(१)संग सम्बन्धित)

नवदुर्गा गाउंपालिका

गाउं कार्यपालिकाको कार्यालय

मणिलेक, डडेल्धुरा ।

विषय:मासिक फिल्ड भ्रमण फाँटवारी ।

मिति २०७... साल ................ महिनामायस गाउँपालिका अन्तरगतका योजनाहरुमा निम्नानुसारको फिल्ड भ्रमण गरिएको व्यहोरा अनुरोध छ।

| गते | अनुगमन स्थल | अनुगमनबाट प्राप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |
| १० | | | |
| ११ | | | |
| १२ | | | |
| १३ | | | |

| | | | |
|---|---|---|---|
| १४ | | | |
| १५ | | | |
| १६ | | | |
| १७ | | | |
| १८ | | | |
| १९ | | | |
| २० | | | |
| २१ | | | |
| २२ | | | |
| २३ | | | |
| २४ | | | |
| २५ | | | |
| २६ | | | |
| २७ | | | |
| २८ | | | |
| २९ | | | |
| ३० | | | |

यस फाँटवारीमा उल्लिखित तथ्यहरु सही हुन। अन्यथा ठहरे सहुँला/बुझाउँला।

**पेश गर्ने** **प्रमाणित गर्ने**

नाम, थर: नाम, थर:

दर्जा: दर्जा:

हस्ताक्षरः

हस्ताक्षरः